मध्यपश्चिमाञ्चल क्षेत्र

मानवअधिकार स्थितिसूचक

वर्ष २, अङ्क ४, पुस २०६९

विगत तीन महिनाको मानवअधिकार स्थिति (अक्टोवर-डिसेम्बर २०१२)



मध्यपश्चिमाञ्चल क्षेत्रद्वारा सम्पन्न विविध क्रियाकलापहरू

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
मध्यपश्चिमाञ्चलद्वारा प्रकाशित

सल्लाहकार
भोला महत

संयोजन/सम्पादन
बालकृष्ण बस्नेत

विशेष सहयोगी
विनोदकुमार पाण्डे

व्यवस्थापक
सञ्जय अर्याल
बुद्धि चौधरी

फोटो
इन्सेक जिल्ला प्रतिनिधि

नेशनलटेड्रिङ मार्ग
नेपालगञ्ज, बाँके
फोन : ०८१-५२२०६८/५२४५०४
फ्याक्स : ०८१-५२६९४९
Email: nepalgunj@insec.org.np
Website: www.inseconline.org

मुद्रक
जय वागेश्वरी अफसेट प्रेस
सुर्खेत रोड, नेपालगञ्ज

मानवअधिकार अवस्था विश्लेषण

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय नेपालगञ्जको त्रैमासिक प्रकाशन मानवअधिकार स्थिति सुचकको छैठौ अङ्क तपाईको हातमा छ। हामीले मध्यपश्चिमको मानवअधिकारको बारेमा जानकारी गराउने उद्देश्यले गत वर्षबाट यो अभ्यासको थालनी गरेका हौँ। यस अङ्कमा पछिल्लो तीन महिना (सन् २०१२ को अक्टोवर देखि डिसेम्बर) मा मध्यपश्चिम क्षेत्रमा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीको तथ्याङ्क र प्रतिनिधिमूलक घटनाहरूलाई समेटिएको छ।

यस अवधिमा मध्यपश्चिम क्षेत्रमा राज्य र गैरराज्यपक्षबाट भएका १ सय ३० घटनाहरू अभिलेख भए। जसमा राज्यपक्षबाट भएका १४ र गैरराज्य पक्षबाट भएका १ सय १६ घटनाहरू अभिलेख भए। यी घटनामा ४५ पुरुष र ८१ महिला गरी १ सय ३० पीडित भए। यस अवधिमा सबै भन्दा बढी महिला अधिकार उल्लङ्घनका ५४ घटना अभिलेख भए। त्यस्तै कुटपिटका १५ ओटा, बालअधिकारका १३ ओटा, हत्या नौ ओटा, धम्की साता ओटा, जातीय विभेद चार ओटा, अपहरण एक ओटा र घाइते छ ओटा घटनाहरू अभिलेख भए। समग्र तथ्याङ्कले पछिल्लो तीन महिनाको तुलनामा यस अवधिमा मानवअधिकार उल्लङ्घनका घटनाहरूमा बृद्धि भएको देखाएको छ।

यस अवधिमा पछिल्लो तीन महिनामा भन्दा महिला हिंसाका घटना दुई गुणा वृद्धि भयो। त्यस्तै बालअधिकार, घाइते र हत्याका घटनाहरू पनि दुई गुणा भन्दा बढी बृद्धि भए। तथ्याङ्कले मानवअधिकारको अवस्था सुध्रनुको सट्टा विग्रदै गएको देखाउनुले राज्यका कानुन पालना गर्ने गराउने संयन्त्रहरू आफ्नो जिम्मेवारी बहनबाट चुकेको देखियो। महिला हिंसाका घटनाको कहालीलाग्दो स्वरूप देखापऱ्यो। यसै अवधिमा बर्दियामा एक महिलालाई पेट्रोल खन्यायर जलायर मारियो तर हत्यारा पत्ता लागेका छैनन्। दैलेखमा एक महिलालाई आफ्नै पतिले आगो झोसे। बालिकादेखि वृद्धासम्म बलात्कार भएका घटनाहरू सार्वजनिक भए। सुरक्षा निकायको लाचारी, फित्तलो अनुसन्धान र अभियोजन प्रक्रिया, राजनीतिक संरक्षण लगायतका कारणले महिला हिंसाका घटनाहरूमा कमी आउन सकेका छैनन्।

गाउँघरमा बढदै गएको घरेलु हिंसा, महिला हिंसा लगायतका घटनाले अझै पनि ग्रामीण भेगमा मानवअधिकारको चेतना पर्याप्त मात्रामा पुग्न नसकेको प्रष्ट हुन्छ। तसर्थ मानवअधिकारको अवस्थामा सुधार ल्याउन राज्य संयन्त्रहरू जवाफदेही हुनुका साथै मानवअधिकार शिक्षालाई अझ प्रभावकारी र व्यापक रूपमा विस्तार गर्न जरुरी छ।

अन्तमा : इन्सेक अभियानमा सहयोग गर्नुहुने र हामीलाई रचनात्मक सुझाव दिनुहुने सबैमा धन्यवाद दिन चाहान्छौ। विगतमा झैँ यस अङ्क पढेर पनि हामीलाई सल्लाह, सुझाव प्राप्त हुनेछ भन्ने अपेक्षा गरेका छौँ।

भोला महत
क्षेत्रीय संयोजक

मध्यपश्चिमाञ्चल क्षेत्रको मानवअधिकार : तीन महिनाका प्रतिनिधिमूलक घटना

(०६९ असोज १५ गते तदनुसार अक्टोवर २०१२ देखि ०६९ पुस १६ डिसेम्बर २०१२ सम्म)

गोली/विस्फोटक पदार्थद्वारा घाइते

प्यूठान

स्यालीबाङ्ग गाविस-२ निवासी १३ वर्षीय बालक छविलाल बुढामगर ०६९ मङ्सिर ९ गते घर नजिकैको जङ्गलमा घास काटन गएको समयमा बेबारिसे विष्फोटक पदार्थ विष्फोटन भई घाइते भए। उनको बाँया हातका चार ओटा औला क्षेतविक्षत हुनुको साथै शरीर भरी चोट लागेका थिए। जिल्ला प्रहरी कार्यालयले सो बिष्फोटक पर्दाथ द्वन्द्वको समयमा कुनै पक्षले फालिएको सकेट बम हुन सक्ने बतायो। घाइते बालकको प्राथमिक उपचार जिल्ला अस्पताल बिजुवारमा र थप उपचार बुटवलमा भयो।

अपहरण तथा वेपत्ता

जनतान्त्रिक मुक्ति मोर्चाबाट

बर्दिया

गुलरिया नपा-६ फूलवारी टोलका १७ वर्षीय उपेन्द्र आलेलाई ०६९ असोज २७ गते तराई जनतान्त्रिक मुक्ति मोर्चाका इन्चार्ज रणबीर भनिने गुलरिया नपा-३ निवासी २५ वर्षीय राजन यादवको नेतृत्वमा आएको समूहले अपहरण गऱ्यो। प्रहरीले अपहरणकारी राजन यादव र भारतको लखिमपुर दहरा थान पूर्तैया गाउँ घर भएका २४ वर्षीय सरिक खाँलाई पीडित परिवारले फिरौती बुझाउन गएको अवस्थामा ०६९ कातिक ३ गते कैलालीको सतीघाटमा गिफ्तार गऱ्यो। पीडित भारतको लखिमपुरमा बन्धक बनाएर राखेकोमा मूर्तियाबाट भारतीय सुरक्षाकर्मीको सहयोगमा मुक्त भए। पीडितका बुवा बुद्धिबहादुर आलेले राजन यादव, रसिक खाँ र महम्मदपुर गाविस-२ का ३१ वर्षीय कलिमअहमद मनिहार विरुद्ध अपहरण गरी बन्धक बनाएको आरोपमा जिल्ला प्रहरी कार्यालय बर्दियामा ०६९ कातिक ३ गते जाहेरी दर्ता गराए। बर्दिया जिल्ला अदालतको आदेशमा ०६९ मङ्सिर ५ गते तीनै जना अभियुक्तलाई जिल्ला कारागार गुलरियामा पुर्पक्षको लागि थुना पठायो।

धम्की/कुटपिट

राज्य पक्षबाट

मुगु

फोतु गाविस-८ निवासी २१ वर्षीया राजनीति शाहीलाई ०६९ कात्तिक २२ गते राति करिव ९ बजे आफ्नो दाइको पसल अगाडि मदिरा सेवन गरेका युवाहरू र प्रहरीबीच विवाद भईरहदा पसल तोडफोड हुने डरले पसल अगाडि उभिरहेको अवस्थामा गस्तीमा रहेको प्रहरीले बीचमा किन आएको भन्दै लाठी लात्ति र मुक्काले कुटपिट गरे। पीडितले आफू छ महिनाको गर्भवती भएकाले आफ्नो स्वास्थ्य जाँच र घाउँजाँच गरी घटनाम संलग्नलाई कारबाहीको माग राखी ०६९ कात्तिक २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपनि प्रहरीले दर्ता गर्न नमानेपछि पीडितले जिल्ला प्रशासन कार्यालयमा सोही दिन उजुरी दर्ता गराइन। पीडितको ०६९ कात्तिक २४ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो तर अस्पतालले मेशीन बिग्रिएको भन्दै थप परीक्षणका लागि नेपालगञ्ज जान सल्लाह दिएपछि पीडितलाई प्रहरीले उपचार खर्च दिने सहमति गरी थप उपचारका लागि नेपालगञ्ज पठाएपनि यो वर्षको अन्त्यसम्म प्रहरीले खर्च उपलब्ध नगराएको पीडितले बताइन।

मुगु

पुलु गाविस-६ निवासी ३५ वर्षीय दोर्जे लामा (कार्मा रोङ्ग) महिला स्वयम सेविकाहरूको छलफलमा गाउँभन्दा तल पुलुबगरमा गई ०६९ मङ्सिर १६ गते साँझ घर फर्कने बेला बाटोमा रहेको पुलु चौकीका दुई प्रहरी आगो ताप्दै गरेको अवस्थामा दोर्जेले आँखामा टर्च लगाएको आरोपमा प्रहरीले कुटपिट गरे। प्रहरीले रातभर लामालाई नियन्त्रणमा लिई कपडासमेत फुकालेर भुँईमा टाउँको टेकाई नीलडाम हुने गरी कुटपिट गरी रातभर चिसोमा राखी विहान चौँकी नजिक होटल व्यवसाय गर्ने पाल्जोर लामाको रोहबरमा छाड्यो। घटना सार्वजनिक भएपछि आक्रोशित भएका गाउँलेल पुलु चौँकी नाराबाजी र ढुङ्गामुढासमेत गरे। पीडित दोर्जे र पुलु-५ निवासी ३२ वर्षीय फोनजोक लामालाई ०६९ मङ्सिर १८ गते प्रहरीले छलफलका लागि भनी बोलाएर नियन्त्रणमा लिई ०६९ मङ्सिर १९ गते जिल्ला प्रहरी कार्यालय मुगु पऱ्याई सार्वजनिक अपराधको मुद्दा लगायो। प्रहरीले पीडित दोर्जेकी २७ वर्षीया पत्नी ईटोल लामालाई समेत कुटपिट गऱ्यो। इटोलमाथि कुटपिट गर्ने प्रहरीलाई कारबाहीको मागगर्दै जिप्रकामा उजुरी दिदा प्रहरीले दर्ता गर्न नमानेको पीडितले बताइन। सार्वजनिक अपराधको मुद्दा लगाईएका पीडितद्वयलाई सरकारी वकिलको रायअनुसार जिल्ला प्रशासन कार्यलयले ०६९ मङ्सिर २२ गते जमानतमा छाड्यो।

दाङ

घोराही नपा-३ वर्गदी निवासी थारु पत्रकार सङ्घ दाङका २६ वर्षीय रुन्चुराम चौधरीलाई कपिलवस्तु जिल्लामा नेपाली सेनामा कार्यरत सोही ठाउँका ३२ वर्षीय खोपीराम डाँगीले ०६९ कात्तिक ९ गते खुकुरी प्रहार गरी घाइते बनाएको थारु पत्रकार सङ्घ दाङले बतायो। पीडितका बुबाले खेतमा सिचाईं गरिरहेको अवस्थामा मादक पदार्थ सेवन गरेका डाँगीले पीडितका बुबालाई दुर्व्यवहार गरेको र सो कुरा जानकारी पाए पछि रुन्चुराम सो स्थानमा पुगे लगत्तै

डाँगीले नजिकै रहेको मामा नाता पर्नेका घरबाट खसी काट्ने भनेर खुकुरी ल्याई रुन्चुराम माथि प्रहार गरेको पीडितले बताए। पीडितको टाउँकोमा चोट लागेको थियो भने दाहिने हात र खुट्टा नचल्ने भएको छ। पीडित चौधरीको नेपालगञ्जमा उपचार भयो। पीडितले ०६९ कार्तिक १२ गते उजुरी दिए। प्रहरीले घटनाको अनुसन्धान भइरहेको प्रतिक्रिया दियो तर आरोपित यो वर्षको अन्त्यसम्म पक्राउ परेनन्।

बाँके

नेपालगञ्ज नपा-१ घर भई नेपालगञ्जबाट प्रकाशित हुने सदभाव दैनिकका प्रकाशक तथा सम्पादक ३० वर्षीय दामोदर भण्डारीलाई निजामति कर्मचारी युनियन बाँकेका अध्यक्ष तथा जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय नेपालगञ्जका लेखा अधिकृत पदम जिसीले समाचारको विषयमा ठिक पार्ने धम्की दिएको पीडितले बताए। सदभाव दैनिकमा ०६९ कात्तिक १५ गते बुधबारको अङ्कमा जिसीले सरकारी नम्बर प्लेटको बा १ झ ५२७६ नम्बरको गाडीमा धान ओसरेको शीर्षकमा फोटो सहितको समाचार प्रकासित भएपछि जिसीले धम्की दिएकाथिए। त्यस अगाडि पनि जिसीले पत्रकार भण्डारीलाई कर्मचारीले श्रम कार्यालय नेपालगञ्जका प्रमुखलाई कुटपिट गरेको समाचार समाचार सदभावमा प्रकाशित भएको विषयमा धम्काएको पीडितको भनाइ थियो। पत्रकार भण्डारीले ०६९ कात्तिक १७ गते जिल्ला प्रशासन कार्यालय बाँकेमा सुरक्षाको माग तथा धम्कीदिनेलाई कारबाहीको माग गर्दै उजुरी दर्ता गराए। ०६९ कात्तिक १७ गते क्रान्तिकारी पत्रकार सङ्घ बाँकेले घटनाको निन्दा गर्दै दोषीलाई कारवाहीको माग गर्दै विज्ञप्ति जारी गऱ्यो। जिसीले पत्रकार महासङ्घको रोहवरमा अब आइन्दा यस्तो नगर्ने भनी कात्तिक १८ गते पत्रकार भण्डारीसंग माफी मागेको पीडितले बताए।

अज्ञात समुहबाट

दैलेख

टेलिफोनबाट अज्ञात व्यक्तिले आफूलाई ज्यान मार्ने धम्की दिएको भन्दै दैलेखका पत्रकार कविराज विसीले जिल्ला प्रहरी कार्यालयमा ०६९ असोज २४ गते उजुरी दिए। एविसी टेलिभिजन र गोरखापत्रका दैलेख सम्वाददाता रहेका पत्रकार विसीले ०६९ असोज २३ गते राती ८ बजे घरमा बसीरहेको अवस्थामा अज्ञात व्यक्तिले मोवाईलबाट टेलिफोन गरी 'तेरो घांटी रेटीदिन्छु' भन्दै मार्ने धम्की दिएको बताए। उनले सुरक्षा साथै धम्की दिने व्यक्तिको खोजी गरी कानुनी कारवाहीको मागगर्दै प्रहरीमा उजुरी दिए। जिल्ला प्रहरी प्रमुख डिएसपी सुदर्शन थापाले पत्रकार विसीले दिएको उजुरीको आधारमा टेलिफोन गरी धम्की दिने व्यक्तिको खोजीका लागि काठमांडौस्थित नेपाल प्रहरीको अपराध अनुसन्धान व्युरोको सहयोग लिई अगाडि वढिरहेको जानकारी दिए। यसवर्षको अन्त्यसम्म धम्की दिने व्यक्तिको पहिचान हुन सकेन।

वाईसीएलबाट

कालीकोट

फुकोट गाविस-९ निवासी रेडियो नेपाल क्षेत्रीय प्रसारण सेवा सुर्खेतमा कार्यरत प्रत्रकार बसन्त बिकलाई एनेकपा माआवादी निकट वाईसीयल इलाका कमिटी सदस्य कुल बिक, नयाँ बिकलगाएत सात जनाको समूहले गरिवी निवरण अन्तरगतको समूहको रकम लुटेको विरोध गरेको आरोपमा ०६९ कात्तिक १३ गते दिउँसो मार्ने धम्कि दिए। गरिबि निबारण कोषको अर्न्तगत पानिपातल सामुदायिक संस्थाको वैठक बसी हिसाव भइरहेको बेला पीडकहरूले समूहको ३ लाख ७५ हजार रुपियाँ नगदसमेत लुटेर भागेका थिए। धम्की पछि जिल्ला सदरमुकाम मान्मामा विस्थापित भएका पीडित पत्रकार बिकले ०६९ कात्तिक १४ गते जिल्ला प्रहरी कार्यालय कालीकोटमा जिवन रक्षाको साथै पीडकहरूलाई कानुनी कारबाहीको माग गर्दै उजुरी दिए पनि यो वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

नेपाली काङ्ग्रेस कार्यकर्ताबाट

कालीकोट

भर्ता गाविस-२ निवासी अजमारे भगवती प्रावि गाल्जेनाका प्रधानाध्यापक धनराज शाहीलाई सोही ठाउका काङ्ग्रेस गाँउ समिति सदस्यहरू शेरवहादुर शाही, चित्रवहादुर शाही, चन्द्रवहादुर शाहीलगाएत १२ जनाको समूहले ०६९ कात्तिक २७ गते विहान घरमा आई लाठिले कुटपिट गरी घाइते वनाए। कुटपिटबाट छातीमा चोट लागि गम्भीर घाइते भएका पीडित शाहीको जिल्ला अस्पताल कालिकोटमा उपचार भयो। विना कारण कुटपिट गरि घइते वनाइएको भन्दै नेपाल शिक्षक युनियन कालिकोटले ०६९ कात्तिक २९ गते विज्ञप्ति प्रकाशन गरी आपत्ती जनायो। युनियनका अध्यक्ष हंसबहादुर शाही र सचिव धनवहादुर वटालाद्वारा हस्ताक्षरित विज्ञप्तिमा घटनामा संलग्नलाई तत्काल कानुनी कारवाहीको माग गरिएको थियो। पीडितले ०६९ मङ्सिर १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि यो वर्षको अन्त्यसम्म दर्ता भएन।

स्वास्थ्य सेवाबाट बञ्चित हुँदा मृत्यु

कालीकोट

कुमालगाँउ गाविस-४ का धनसुरे बुढाका नौ महिनाका छोरा परे बुढा सुन्निएको अवस्थामा स्वास्थ्य चौकी कुमालगाउँमा उपचार लागि लगिए पनि स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी नहुदाँ उपचार पाउन नसकेर ०६९ असोज २५ गते मृत्यु भयो। कुमालगाउ स्वास्थ्य चौँकीमा एक जान अहेवको दरवन्दी भए पनि ०६९ साउन २० गतेबाट घरबिदामा रहेका कारण स्वस्थ्य चौकीमा स्वास्थ्यकर्मी नहुँदा बालकको मृत्यु भएको पीडित पक्षले बताए।

बालअधिकार

दाङ

फुलबारी गाविस-२ अम्बापुरका ५ वर्षीय अनिश वली ०६९ कात्तिक २९ गते बेपत्ता भएकोमा ०६९ मङ्सिर १२ गते सडेको अवस्थामा प्रहरीले शव फेला पाऱ्यो। बालक हत्याको आरोपमा प्रहरीले सोही गाविसका ४१ वर्षीय जिवेश परियार, उनका ११ वर्षीय छोरा जगदिश परियार र सोही ठाउँका २८ वर्षीया बालिका नेपालीलाई पक्राउ गरी ०६९ मङ्सिर २१ गते पत्रकार सम्मेलन मार्फत सार्वजनिक गऱ्यो। प्रहरीले जिवेश परियारलाई भैरहवाको अम्बापुर इट्टा भट्टाबाट मङ्सिर १८ गते, जगदिशलाई सोही दिन उनकै घरबाट र बालिकालाई मङ्सिर २० गते तुलसीपुर-११ अश्वाराबाट प्रहरीले पक्राउ गरेको थियो। घटनाका आरोपी बालिकाका छोरा १२ वर्षीय युवराज नेपाली हालसम्म फरार छन्। प्रहरीका अनुसार मृतक बालक अनिश वलीले ०६९ कात्तिक २९ गते बुबाको मोवाइल छिमेकीलाई देखाउन गएको र मोबाइल नदिएपछि जगदिश परियार र युवराज नेपालीले धकेलेर बालकलाई खाडलमा खसाएर बेहोस बनाएका थिए। बालक घाइते भएपछि जिवेश परियारले अनिशलाई डोरीले घाँटी कसेर हत्या गरी थैलोमा हालेर जङ्गलमा पुऱ्याइ फालेका थिए। अभियुक्तहरूको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले बतायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

हत्या

बर्दिया

पशुपतिनगर गाविस-१ की ३५ वर्षीया पवित्रा भट्राईलाई ०६९ असोज ३० गते घरमै आफ्नै पति ५५ वर्षीय कुलप्रसाद भट्राई र ३० वर्षीया छित्रा भट्राईले घाँटीमा डोरीले कसेर हत्या गरे। पत्नीको हत्या गरी खेतबारीमा गाडरे फरार भएका पीडक कुलप्रसादलाई प्रहरीले कैलालीजिल्लाको लम्कीबाट गिरफ्तार गऱ्यो। पीडित पक्षलेआरोपी विरुद्ध इलाकाप्रहरी कार्यालय पाताभारमा ०६९ कात्तिक १० गते जोहरी दर्ता गराए। बर्दिया जिल्ला अदालतको ०६९ कात्तिक २७ गते आदेशमा पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

गुलरिया नपा-८ मस्जिद टोलकी १९ वर्षीया शिवा हासमी माथि पेट्रोल खन्याएर आगो लगाई जलेर घाइते अवस्थामा उपचारको क्रममा काठमाण्डौ स्थित वीर अस्पतालमा ०६९ मङ्सिर २७ गते मृत्यु भयो। हासमी ०६९ मङ्सिर २२ गते बिहान पछाडिबाट पेट्रोल खन्याएर आगो लगाउँदा जलेर गम्भीर घाइते भएकी थिइन्। उनको प्रारम्भिक उपचार जिल्ला अस्पताल गुलरियामा गरी थप उपचारको लागि नेपालगञ्ज स्थित भेरी अञ्चल अस्पतालमा लगियो। नेपालगञ्जमा पनि हासमीको स्वास्थ्य सुधार नभए पछि ०६९ मङ्सिर २५ गते काठमाण्डौ लगियकोमा काठमाडौँमा नै ०६९ मङ्सिर २७ गते उनको मृत्यु भयो। भारतको बहाराइज जिल्ला घर भई १० बर्ष देखि गुलरियामा बस्दै आएका २० वर्षीय वावु भन्ने रहिस खानले हासमीमाथि पेट्रोल खन्याएर आगो लगाएको आसङ्कामा ०६९ मङ्सिर २२ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ। परिवारले २० वर्षीय वावु भन्ने रहिस खान विरुद्ध घटना भए लगत्तै जिल्ला प्रहरी कार्यालय बर्दियामा जाहेरी दर्ता गराएका थिए। पीडित हासमीको ०६९ मङ्सिर २८ गते दाहसंस्कार भयो। ०६९ पुस ३ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा, गुलरिया नपा-८ का आरिफ अहम्मद राईनले पीडित शिवाको परिवारको सदस्य विरुद्ध किटानी जाहेरी दर्ता गराए। सोही दिन प्रहरीले शिवा हासमीकी आमा हसिना हासमी र दाजु सुद्धु हासमीलाई अनुसन्धानका लागि गिरफ्तार गऱ्यो। यो वर्षको अन्त्यसम्म हत्याराको पहिचान हुन नसकेको र अनुसन्धान जारी रहेको प्रहरीले बतायो। फोटो २

रोल्पा

मिझिङ गाविस-५ बस्ने ३६ वर्षीया मुसी रोकामगरलाई ०६९ मङ्सिर २ गते खुमेल गाविस-४ अधेरी खोलामा खुमेल गाविस-५ का १९ वर्षीय रवि पुनमगर र सोही स्थानका २१ वर्षीय राते भनिने राकेश विकले हत्या गरे। मङ्सिरको पहिलो हप्तामा परेको चौथीको दिन खुमेलमा लाग्ने मेलामा जाने क्रममा राति मृतकको शव अर्धनग्न अवस्थामा भीरबाट फालिएको अवस्थामा फेला परेको थियो। हत्यामा संलग्न भनिएका रवि पुनलाई प्रहरीले ०६९ मङ्सिर १३ गते घरबाट पक्राउ गरेको थियो भने राते भनिने राकेश विकलाई भारतको गुजरातबाट ०६९ मङ्सिर २२ गते पक्राउ गरिएको थियो। उनको शवलाई ०६९ मङ्सिर ३ गते बेलुकी जिल्ला अस्पताल रेउघामा पोष्टमार्ट्म् गऱ्यो। प्रहरीले दुवै अभियुक्तलाई ०६९ मङ्सिर २४ गते पत्रकार तथा मानवअधिकारकर्मीबीच सार्वजनिक गरेको थियो।

रुकुम

सल्यान बाफुखोला गाविस-६ घर भई हाल रुकुमको खारा गाविस-२ झुल्नेटा बजारमा घडी-रेडियो पसल गर्दै आएका ३० वर्षीय नरेन्द्र ओलीले ०६९ मङ्सिर ४ गते आफ्नै २८ वर्षीया पत्नी गिता ओलीको हत्या गरेको आरोपमा प्रहरीले मङ्सिर ५ गते नियन्त्रणमा लियो। गिताको शरीर भरि घाउँचोट भएकाले माइती पक्षले ०६९ मडिसर ६ गते जिल्ला प्रहरी कार्यालय कर्तव्य ज्यानको किटानी जाहेरी दिए। आरोपी जिल्ला अदालत रुकुमको ०६९ मङ्सिर २९ गतेको आदेशमा पुर्पपक्षको लागि जेल चलान भए।

दाङ

पवननगर गाविस-२ बयालेका ३० वर्षीय इमबहादुर घर्तीको कुटपिटबाट ३० वर्षीया पत्नी पुष्पा घर्ती र नौ महिने छोरा खुमबहादुर घर्तीको ०६९ मङ्सिर २ गते मृत्यु भयो। अत्यधिक मादक पदार्थ सेवन गरेका घर्तीले घरयासी विवाद भएपछि बञ्चरो प्रहार गरी पत्नी र छोराको हत्या गरेको प्रहरीले बतायो।

बञ्चरो प्रहारबाट खुमबहादुरको घटनास्थलमै र पुष्पाको राप्ती अञ्चल अस्पताल तुल्सीपुरमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जानकारी दियो। घटनाका आरोपित इमबहादुरलाई ०६९ मङ्सिर ३ गते पक्राउ गऱ्यो। आरोपितलाई जिल्ला अदालत दाङले ०६९ मङ्सिर १८ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार तथा बलात्कारको प्रयास

दैलेख

जाजरकोट जिल्ला मझकोट गाविस-६ निवासी १४ वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा मझकोट गाविस-४ का ३५ वर्षी सिहंवहादुर रावतलाई प्रहरीले ०६९ मङ्सिर १ गते राति गिरफ्तार गऱ्यो। बलात्कारको आरोपमा गिरफ्तार गरिएका रावत जिल्ला प्रहरी कार्यालय बर्दियामा प्रहरी जवान पदमा कार्यरत रहेको खुल्यो। दैलेखको रुम गाविस-१ बेस्तडा बजारमा रहेको बस्नेत होटलमा ०६९ मङ्सिर १ गते बुवासहित बास बसेको अवस्थामा रावतले जवरजस्ती बलात्कार गरेको भन्दै पीडितले सोही समयमा बेस्तडा प्रहरी चौकीमा उजुरी दिएपछि उनलाई गिरफ्तार गरी सदरमुकाममा ल्याईएको जिल्ला प्रहरी कार्यालयले जानकारी दियो। पीडितको उजुरीमा जवरजस्ती करणीपछि आफू कराएको र आफूलाई बचाउन खोज्दा बुवालाई समेत रावतले कुटपिट गरेको उल्लेख थियो। जिल्ला प्रहरी प्रमुख डिएसपी सुदर्शन थापाले पीडितको उजुरीको आधारमा घटनाको विषयमा आवश्यक अनुसन्धान गरी पीडितको जिल्ला अस्पतालमा पिडितको स्वास्थ्य जाँच गराईएको र स्वास्थ्य जाचबाट पिडितको गुप्ताङ्गबाट रगत वगेको प्रमाणित भएको वताए। जिल्ला अदालतले पिडकलाई ०६९ मङ्सीर २१ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

दैलेख

वराह गाविस-७ की ३० वर्षीया एक महिलालाई घरमै वसीरहेको अवस्थामा सोही गाविस-५ का ३४ वर्षीय हर्के भनिने उपेन्द्र खड्काले ०६९ कात्तिक ५ गते वलात्कार गरेको भन्दै पीडितका परीवारले ०६९ कात्तिक १५ गते जिल्ला प्रहरी कार्यालयमा जवरजस्ती करणी मुद्दा दायर गरे। प्रहरीले ०६९ कात्तिक १८ गते घरबाटै खड्कालाई पक्राउ गऱ्यो। जिल्ला अदालतले ०६९ मङ्सिर १० गते पीडकलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

प्युठान

खैरा गाविस-६ की १५ वर्षीया बालिका लाई ०६९ मङ्सिर ९ गते साझ दाखाक्वाडी गाविसबाट खैरा आफ्नो घरतर्फ जादै गर्दा खैरा गाविस-६ बस्ने ३५ वर्षीय बुद्धिराम आचार्यले खैरा गाविस-७ मा हिडिरहेको समयमा हातपात गरी दुर्व्यवहार गरेको भन्दै ०६९ मङ्सिर १० गते जिल्ला प्रहरी कार्यलयमा निवेदन दर्ता गराए। प्रहरीले आरोपीलाई सोही दिन प्रक्राउ गरी जबरजस्ती करणी उद्योगको अभियोगमा ०६९ पुस ३ गते अदालत समक्ष पेस गऱ्यो। अभियुक्तलाई अदालतले ०६९ पुस ४ गते ४० हजार रुपियाँ धरौटीमा तारेखमा छाड्यो। पीडित बालिकाको ०६९ मङ्सिर १० गते जिल्ला अस्पताल बिजुवारमा स्वास्थ्य परीक्षण भयो।

घरेलुहिंसा

जुम्ला

डिल्लीचौर गाविस-७ की १८ वर्षीया शर्मिला कामीलाई पति २१ वर्षीय सुशील कामीले ०६९ मङ्सिर १५ गते कुटपिट गरेको पीडितले बताइन्। पीडितकाअनुसार कामीले गोठीचौर गाविस-५ मणिसाँघुकी २० वर्षीया लक्ष्मी कामीसँग दोस्रो विवाह गरेपछि कुटपिट गरेका थिए। पीडितले ०६९ मङ्सिर १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन। निवेदन अनुसार पीडकहरूलाई खोजतलास गरी जिल्ला प्रहरी कार्यालयमा उपस्थित गराउन गोठीचौर मणिसाघुँ प्रहरी चौकी र डिल्लीचौर प्रहरी चौकीलाई पत्रचार गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो। तर यो वर्षको अन्त्यसम्ममा आरोपितहरू पक्राउ परेनन्।

दैलेख

नारायण नपा-६ नमुनावस्तीका ५० वर्षीय कमारो सार्कीले सामान्य घरायसी विवादमा पत्नी ४० वर्षीया चावली सार्कीको शरीरमा ०६९ पुस १३ गते राति आगो लगाए। आगोबाट पीडितको दायाँ तिघ्रा र योनीको केही भागसमेत जलेको चिकित्सकले बताए। खाना पकाएर घरमा बसीरहेकी चावलीलाई कामबाट फर्किएका कमारोले रक्सीको मातमा सामान्य पारिवारिक विवाद हुँदा चुलोबाट बलेको दाउराले उनको तिघ्रा र योनीमा घोचीदिएको पीडितले बताइन। घटनाको बारेमा छोरा १२ वर्षीय कालु सार्कीले रुदै आएर छिमेकीलाई भनेपछि छिमेकीले घाइतेको उद्दार गरी तत्काल अस्पताल पुऱ्याएका थिए। पीडकलाई प्रहरीले सोही दिन पक्राउ गरी ज्यानमार्ने उद्योगमा मुद्दा दर्ता गरायो। अभियुक्त हाल अनुसंधानका लागि जिल्ला प्रहरीको हिरासतमा रहेका छन् भने पिडित जिल्ला अस्पतालमा उपचारको क्रममा रहेकी छिन्।

बहुविवाह

बर्दिया

नेउलापुर गाविस-१ का २७ वर्षीय लक्ष्मीप्रसाद शर्माले सोही ठाउँकी १९ वर्षीया यमकला शर्मालाई ०६९ कात्तिक १ गते दोस्रो विवाह गरी पहिलो पत्नी २१ वर्षिया हिमाशर्मालाई पीडित बनाए। पीडित हिमाल न्यायको लागि जिल्ला प्रहरी कार्यालय बर्दियामा ०६९ मङ्सिर ११ गते बहुविवाहको आरोपमाजाहेरी दर्ता गराइन्। बर्दिया जिल्लाअदालतको ०६९ पुस ९ गतेको आदेशमालक्ष्मीप्रसादलाई ५२ हजार र यमकलालाई २५ हजार रुपैयाँ धरौतीलिई तारेखमा रिहागऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसलाभएन।

सबै प्रकारका जातीय विभेद

सुर्खेत

तरङ्गा गाविस-७ केलाडीका ४२ वर्षीया मानकुमारी विकसहित सो गाँउका ४० घर दलित परिवारलाई स्थानीय गणेशबहादुर शाही सहितको ठकुरी समुदायले ०६९ कात्तिक ३० गते 'तिमी डुमहरूलाई यस गाँउमा बस्न दिदैनौ' भनी हातहतियारसहित भौतिक आक्रमणको प्रयास गरे। ठकुरी समुदाय भौतिक आक्रमणमा उत्रेपछि घरवास छोडेका दलित परिवारहरूले प्रहरी चौकी हरिहरपुरमा ०६९ मङ्सिर १ गते उजुरी दिएपनि त्यँहा सुनुवाई नभएपछि सुरक्षाको माग गर्दै उनीहरू ०६९ मङ्सिर ५ गते सदरमुकाम वीरेन्द्रनगर आए। स्थानीय राजनीतिक दल र अधिकारवादी सङ्घ-संस्थाहरूको पहलमा जिल्ला प्रहरी कार्यालय सुर्खेतको रोहवरमा दुई दिनसम्म वीरेन्द्रनगरमा बस्न बाध्य भएका पीडितहरू समक्ष पीडक गणेशबहादुर शाहीसहित ठकुरी समुदायले १० हजार रुपैयाँ जरिवाना बुझाई आगामी दिनमा यस्ता घट्ना नदोहोऱ्याउने प्रतिवद्धता जनाएपछि ०६९ मङ्सिर ६ गते मिलापत्र भयो। सो घट्नाको इन्सेक लगायतका अधिकारवादी सङ्घ-संस्था र दलित गैरसरकारी सङ्घ-संस्थाहरूले ०६९ मङ्सिर ५ गते प्रेस विज्ञप्ति जारी गरी भर्त्सना गरे।

डोल्पा

त्रिपुराकोट गाविस-१ निवासी ३८ वर्षीय राजीमान सार्की, २६ वर्षीय लालबहादुर सार्की, २६ वर्षीय रनबीर सार्की र ३५ वर्षीय रुपलाल सर्कीलाई सोही गाविस-२ निवासी ३८ वर्षीय टिकादत न्यौपानेले ०६९ पुस २ गते बालात्रिपुरा सुन्दरी भगवतीको मन्दिरमा जुम्ला वुढुबाट आएका देवताको दर्शन गर्ने क्रममा 'छुई हुन्छ तिमी दलित सार्कीहरू यहाँबाट भाग' भनेर दुर्व्यवहार गरे। पीडितले जिल्ला प्रहरी कार्यालय डोल्पामा कारवाहीको लागि ०६९ पुस ६ गते ठाडो निवेदन दिए। जिल्ला प्रहरी कार्यालयले आरोपीलाई ०६९ पुस ९ गते कार्यालयमा झिकाई अब आइन्दा यस्ता अपशब्द प्रयोग नगर्ने र गरेमा कानुनी कारबाही अगाडि बढाउने सर्तमा कागज गराएर विवादको अन्त्य भयो।

डोल्पा

पहाडा गाबिस वडा नँ ८ का २६ वर्षीय हरिबहादुर केसिले २०६९ कार्तिक ७ गते पहाडा गाबिस ७ की २३ वर्षीया कमला बिकलाई प्रेम बिवाहा गरे। प्रेम बिवाहा गरि घरमा आउदा तल्लो जातसँग बिवाहा गर्ने भन्दै हरिबहादुर केसिका घरपरिवारले अन्तरजातीय बिवाहालाई स्वीकार गरेनन्। अन्तरजातीय बिवाहाका कारण अहिले हरिबहादुर र कमला बिस्थापित जीवन बिताउन बाध्य छन। हरिबहादुर केसि अन्तरजातीय बिवाहाकै कारण घरको सम्पतीबाट समेत बन्चित बनेका छन्।

प्युठान

खलङ्गा गाविस-१ कसेरी स्थित बाहुनपानी दुग्ध उत्पादन सहकारी संस्थाले सोही ठाउमा रहेको दलित समुदायले पालेको भैसीको दुध सङ्कलनमा रोक लगायो। खलङ्गा गाविस-१ की ५० वर्षीया मना सुनारका अनुसार आफूहरूले लगेको भैसीको दुध सहकारीले नलिने गरेको र आफूहरू घण्टौ लगाएर सदरमुकाम दुध बिक्री गर्न जाने गरेको बताइन्। सहकारिका उपाध्यक्ष डिलप्रसाद खनालले आफूहरूले दुध लिन नमानेको स्वीकारे पनि दलित भएको कारण नभई सहकारीको सदस्य नभएकाको दुध सङ्कलनमा रोक लगाएको बताए। बाहुनपानी दुग्ध सहकारी वि.स. ०५४ सालमा स्थापना भएको थियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सुर्खेत

सामुदायिक वन अतिक्रमण गरेको आरोपमा जिल्ला वन कार्यालय सुर्खेतका कर्मचारी र प्रहरीको संयुक्त टोलीले ०६९ मङ्सिर १७ गते साटाखानी गाविस-७ रुप्सेको २४ घर दलित परिवारको घरमा आगजनी गरी उनीहरूको घरवास उठाए। पीडितहरू सात दिनसम्म चिंगाड खोलाको बगर, आफन्त र बारीको कान्लामा बस्न बाध्य भए। पीडितहरूले ०६९ मङ्सिर २४ गतेदेखि जिल्ला प्रशासन र जिल्ला वन कार्यालय सुर्खेतको अगाडि धर्ना दिए। खुल्ला आकाश मुनि कठाङ्ग्रिने चिसोमा २४ घर दलित परिवारका १ सय ५० जना बृद्ध, बृद्धा, बालबालिका,सुत्केरी र गर्भवती महिलाहरूसमेत धर्ना तथा अनसनमा बसेका थिए। पीडितहरूको धर्नासँगैस्थानीय राजनीतिक दल, भूमिअधिकारवादी सङ्घ-संस्थाहरू, र अधिकारवादी संस्थाहरूले उनीहरूलाई यथास्थानमा बसोबास गर्न दबाब दिएपछि ०६९ पुस १५ गते मात्र विकल्प नहुँदासम्म यथास्थानमा बस्न दिने सर्तमा पीडितहरू घर फर्किए। विकल्प विना उठाएर खोलाको बगरमा बस्न बाध्य भएको कारण भीमबहादुर सार्कीको २ महिनाको छोराको मृत्यु हुनाको साथै खुल्ला आकाशमुनि चिसोमा धर्नामा बसेका बृद्धबृद्धा,सुत्केरी तथा गर्भवती महिलाहरू बिरामी परेको पीडितले बताए। प्रमुख जिल्ला अधिकारी पुरुषोत्तम कुँवर र जिल्ला वन कार्यालयका निमित्त प्रमुख रामविचारी ठाकुरले भने सामुदायिक वन अतिक्रमण गरेको भनी आगजनी गरेको बताए। यता पीडितहरूले भने ०२८ सालदेखिनै आफूहरूले सो स्थानमा बसोबास गर्दै आएको दाबी गरे। घट्नाको ०६९ मङ्सिर २५ गते भूमिअधिकारवादी सङ्घ-संस्था,दलित गैरसरकारी संस्था,राजनीतिक दलहरू र ईन्सेक लगायतका अधिकारवादी संस्थाहरूले संयुक्त विज्ञप्ति जारी गरी भर्त्सना गरेका थिए।

मध्यपश्चिम क्षेत्रद्वारा सम्पन्न विविध क्रियाकलापहरू

मानवअधिकार संरक्षण र सम्वर्द्धनमा राष्ट्रसेवक कर्मचारीको भूमिका विषयक कार्यशाला सम्पन्न

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जद्वारा ०६९ असोज २४ गते मानवअधिकार संरक्षण र सम्वर्द्धनमा राष्ट्रसेवक कर्मचारीको भूमिका विषयक कार्यशाला गोष्ठी सम्पन्न भयो। नेपालगञ्जमा आयोजित उक्त कार्यशाला गोष्ठीको उदघाटन सत्रमा प्रमुख जिल्ला अधिकारी ढुण्डीराज पोखरेलले मानवअधिकार र सुशासनका सवालमा नागरिक समाजका प्रतिनिधिले अनुगमन गर्दा राष्ट्रसेवक कर्मचारीहरूलाई आफ्ना गतिविधि सुसूचित गर्न सहयोग पुग्ने बताए। विगतका कमी कमाजोरीहरू औल्याउदै आगामी दिनमा राष्ट्रसेवक कर्मचारीहरूले मानव हितका लागि काम गर्न प्रमुख जिल्ला अधिकारी पोखरेलले सुझाव दिए। कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक विक्रमसिंह थापाले नजिक आइरहेको चाडपर्वलाई मध्यनजर गर्दै प्रहरीले विशेष सुरक्षा निती ल्याएको सार्वजनिक गरे। कार्यक्रमका सहभागिहरूले मानवअधिकार संरक्षण र सम्वर्द्धनमा सबै नागरिक तथा

राष्ट्रसेवक कर्मचारी आफै सकृय हुनु पर्ने सुझाव दिए। यसै गरी कार्यालय प्रमुख सकृय रहेको अवस्थामा मातहतका कर्मचारीहरू सकृय रहने, कर्मचारी सयन्त्रमा राजनीतिक हस्तक्षेप अन्त्य गरिनु पर्ने सहभागिहरूले सुझाव दिए। इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जका वरिष्ठ अधिकृत सुशील चौधरीद्वारा संचालित कार्याशाला गोष्ठीका सहभागि कर्मचारीहरूले सरकारी कार्यालयमा भएका गतिविधिका बारेमा समय समयमा पुनरावलोकन गरिनु पर्ने, अनुगमन सयन्त्र बलियो बनाउनु पर्ने र अनुगमन समितिले गरेका सिफारिस कार्यान्वयन गरिनु पर्नेमा सहभागिहरूले जोड दिए।

६४ औं अन्तर्राष्ट्रिय मानवअधिकारदिवस सम्पन्न

६४ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका सन्दर्भमा ०६९ मङ्सिर २५ गते इन्सेक, मानवअधिकार सञ्जाल, जन सरोकार मञ्च, राष्ट्रिय मानवअधिकार आयोग लगायतका संस्थाद्वारा मानवअधिकारको सुनिश्चितताका लागि सामूहिक जवाफदेहीता अन्तरसंवाद कार्यक्रम तथा भजन मानवअधिकार पुरस्कार वितरण कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा पहिलो भजन मानवअधिकार पुरस्कार ०६९ बाट बर्दिया निवासी ६३

वर्षीया मंगलाकुमारी श्रेष्ठलाई सम्मान गरियो। गुलरिया नपा निवासी श्रेष्ठ विगत चार दशक देखी मानवअधिकार र सामाजिक न्यायका क्षेत्रमा क्रियाशिल छिन्। श्रेष्ठलाई इन्सेकका अध्यक्ष प्याकुरेलले १५ हजार नगद, दोसल्ला र सम्मान पत्र प्रदान गरेका थिए।

कार्यक्रममा इन्सेक अध्यक्ष प्याकुरेलले अपराध र मानवअधिकार बीच ठूलो भम्र रहेको भन्दै यस भ्रमबाट मुक्त हुन सबैलाई आग्रह गरे। राज्यका केही विशिष्ट जिम्मेवारी रहेको भन्दै इन्सेक अध्यक्ष प्याकुरेलले सरकारी निकाय, सामाजिक संघ/सस्था लगायत सबै क्षेत्रबाट सामूहिक जवाफदेहीता विना मानवअधिकारको सुनिश्चितता हुन नसक्ने बताए। कार्यक्रममा पुनरावेदन अदालत नेपालगञ्जका माननीय न्यायाधीश किशोर सिलवालले राज्यमा कानून कसरी बनाइन्छ, कानूनलाई कसरी

उल्लघंन गरिन्छ र कानून उल्लघंन गर्नेलाई कसरी सम्बोधन गरिन्छ भन्ने तीन संयन्त्र मानवअधिकार सुनिश्चितताका लागि महत्वपूर्ण हुने बताए।

तीनदिने बालअधिकार तालिम सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) नेपालगञ्जद्वारा मध्यश्चिम क्षेत्र अर्न्तगत तीन जिल्लाका बालबालिकाहरूलाई तीनदिने बालअधिकार तालिम ०६९ असोज १७ गतेबाट १९ गतेसम्म नेपालगञ्जमा सम्पन्न भयो। तालिममा बाँके, बर्दिया

र सुर्खेतबाट एक जिल्लाबाट पाँचओटा विद्यालय, प्रत्येक विद्यालयबाट २ जना गरी १५ विद्यालयका ३० जनाविद्यार्थीहरूको सहभागिता थियो। तीनदिनसम्म चल्ने तालिममा बालअधिकार, नेपालमा शिक्षाको अधिकार, भित्ते पत्रिका लेखन, बालअधिकारको एतिहासिक पृष्ठभूमि, बालबालिका सम्बन्धी ऐन, २०४८, बालअधिकार संरक्षणमा स्कुल र समुदायको भूमिका लगायतका विषयमा प्रशिक्षण गराइएको थियो। तालिमको सहजीकरण इन्सेक नेपालगञ्जका शुसीलचौधरी, सरस्वतीमल्ल, बालकृष्ण बस्नेत, नारायण सुवेदी,पत्रकार झलक गैरे र सिविनका मधु दवाडीले गर्ने छन्।

शान्ति सुरक्षाका लागि हाते पुस्तिका सार्बजनिक

इन्सेक नेपालगञ्ज र जिल्ला प्रहरी कार्यालयको संयुक्त आयोजनामा नेपालगञ्जमा ०६९ असोज २८ गते शान्ति सुरक्षालाई ध्यानमा राखेर जनचेतनाको लागि हाते पुस्तिका

सार्वजनिक गरियो। हाते पुस्तिकाको विमोचन प्रमुख जिल्ला अधिकारी ढुण्डीराज पोखरेल, अञ्चल प्रहरी प्रमुख एसएसपी माधव नेपाल र राष्ट्रिय मानवअधिकार आयोगका अधिकृत हरि ज्ञवालीले गरेका थिए। उक्त कार्यक्रममा तालिम केन्द्रका प्रमुख एसएसपी योगेश्वर रोमखामी जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी विक्रमसिंह थापा लगायत जिल्लाका प्रहरी चौकीका इन्चार्जहरूको सहभागिता थियो। एक्लै को प्रयासले केही हुदैन सामुहिक प्रयासबाट हरेक कुरा सम्भव हुन्छ, सडकमा कार्यक्रम भए पनि यसको सन्देश महत्वपुर्ण भएको बताए। प्रहरीलाई मानवअधिकारको क्षेत्रबाट सहयोग भएको पनि उनले बताए। अञ्चल प्रहरी प्रमुखले प्रहरी जनता को अवधारणा जसले समुदाय संग सहकार्य गरि सफल हुने बताए त्यस्तै तालिम केन्द्रका एसएसपी योगेश्वरले यो सहकार्य अनुमप भएको बताए।

नागरिक सुरक्षाका लागि न्यायिक तथा अर्धन्यायिक निकायको भूमिका विषय संवाद कार्यक्रम सम्पन्न

इन्सेक नेपालगञ्जद्वारा ०६९ पुस ९ गते नेपालगंजमा नागरिक सुरक्षाका लागि न्यायिक तथा अर्धन्यायिक निकायको भूमिका विषयक संवाद कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा पुनरावेदन अदालतका मुख्य न्यायाधीश किशोर सिलवालले कार्यपत्र प्रस्तुत गर्दै सुरक्षा, सेवा र सुविधालाई सन्तुलन गरेर लैजानु पर्ने बताए। उनले हरेक निकायमा एक दुई जना मात्र इमान्दारीपूर्ण काम गर्ने व्यक्ति हुँदा मात्र पनि धेरै सकारात्मक परिवर्तन हुने दावी गरे। पीडितको अधिकारका लागि राज्य जिम्मेवार हुनुपर्ने र अदालतका फैसला कार्यान्वयन महत्वपुर्ण रहेको, महिला मैत्री र बन्द मैत्री इजलासका मुद्दामा

सबै संवेदनशिल हुनुपर्ने लगायतका विषयमा उनले जोड दिएका थिए।

प्रमुख जिल्ला अधिकारी ढुण्डीराज पोख्रेलले नागरिक सुरक्षाका लागि एकिकृत कार्यक्रम बनाएर अगाडि जान सकिय मात्र नतिजामुखी हुने बताए। प्रजिअ पोखरेलले जनताको अपेक्षा अनुसार सेवा दिन नसकेको स्वीकार गर्दै त्यसमा निरन्तर सुधारको प्रयास भइरहेको पनि बताए।

इन्सेकका क्षेत्रीय संयोजक भोला महतले सेवाग्राहीलाई कसरी सेवा दिन सकिन्छ भन्नेमा सबै सचेत रहनु पर्ने र एकीकृत रुपमा अगाडि जानुपर्ने धारणा राखेका थिए। कार्यक्रमका अधिकांश बक्ताले नागरिक सुरक्षामा सरोकारवाला निकय जवाफदेही र उत्तरदायी हुनु पर्नेमा जोड दिएका थिए।

मानवअधिकार संरक्षणका लागि स्थानीय पहल विषयक छलफल सम्पन

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जद्वारा ०६९ कात्तिक २६ गते फत्तेपुर गाविसमा मानवअधिकार संरक्षणका लागि स्थानीय पहल विषयक छलफल कार्यक्रम सम्पन्न भयो। कार्यक्रमका सहभागिहरूले फत्तेपुर गाविसमा रहेको अस्थायी प्रहरी चौकीको स्तरवृद्धि हुनु पर्ने माग गरे। कार्यक्रममा सहभागी राजनीतिक दल र अस्थायी प्रहरी चौकीले आ-आफ्नो स्थानबाट चौकी स्तर वृद्धिका लागि आवश्यक पहल गर्ने र हालसम्म भइरहेका प्रयासका सम्बन्धमा आगामी दिनमा समुदायलाई जानकारी गराउने योजना रहेको प्रहरी चौकी फत्तेपुरका इन्चार्ज चुडामणी खड्काले जानकारी दिए। यसै गरी राजनीतिक दलले पहल गरे फत्तेपुर स्वास्थ्य चौकीलाई सामुदायिक अस्पताल बनाउन सम्भावना रहेको फत्तेपुर स्वास्थ्य चौकीका सिअहेव सरोज कुमार मिश्रले बताए। अञ्चल अस्पताल रहेको जिल्लामा सदरमुकामदेखि नजिकका गाविसमा सामुदायिक अस्पताल बनाउने सरकारको नीति रहेको जानकारी दिदै सिअहेव मिश्रले फत्तेपुर गाविसमा सामुदायिक अस्पताल भए राप्ती पारीका अधिकांश गाविसलाई पायक पर्ने उनले तर्क गरे। सामुदायिक अस्पतालका लागि पहल गर्न सरोकारवाला निकायले योजनासमेत बनाएका छन्। स्वास्थ्य चौकी फत्तेपुरले ०६९ मंसिरको पहिलो हप्तामा गाविस स्तरीय राजनीतिक दलका प्रतिनिधिहरुसंग बैठक बसी ०६९ मङसिर ११ गते जिल्लास्थित सम्बन्धित निकायमा डेलिगेशन जाने योजना बनाएको स्थानीय शान्ति समिति फत्तेपुरकी संयोजक आसमाली पुनमगरले बताइन्।

मानवअधिकार संरक्षण र सम्वर्द्धनका लागि कार्याशाला गोष्ठी सम्पन्न

इन्सेक जिल्ला कार्यालय बर्दियाद्वारा ०६९ असोज २५गते मानवअधिकार संरक्षण र सम्वर्द्धनमा राष्ट्र सेवक कर्मचारीको भूमिका विषयक कार्यशाला गोष्ठी सम्पन्न भयो।

गुलरियामा आयोजित उक्त कार्यशाला गोष्ठीको उद्घाटन सत्रमा इन्सेक जिल्ला संयोजक सरस्वति मल्लले अधिकार र मानवअधिकारको बारेमा जानकारी गराँउदै स्थानीय स्तरमा उठेका गाविस, स्वास्थ्य र महिला हिंसा सँग सम्बन्धित सवालहरूको बारेमा जानकारी गराईन्। नेपाल वार एसोशियशन बर्दियाका उपाध्यक्ष केशव जि.सीले मानवअधिकारको पृष्ठभुमी, नेपालको संविधानमा मानवअधिकारको प्रयोग, राज्यको दायित्व, नागिरकको कर्तव्य र सुशासनमा कर्मचारीको भुमिका बिषयक कार्यपत्र पेश गरेका थिए।

सहभागिहरूले मानवअधिकार सवालमा हामी सरकारी कर्मचारीले अहिले सम्म आ-आफ्नो कार्यलयबाट सेवाग्राहीलाई कुनै पक्षपात नगरेको तथा सेवाग्राहीले गुनासो गर्ने अवस्था नहोस भन्ने तर्फ सतर्क रहेको बताँउदै कर्मचारीले पनि भयरहित बातावरणमा कामगर्न पाए सुशासन हुन सक्ने तथा अहिलेको अवस्थामा कर्मचारीहरू समेत असुरक्षित हुनुका साथै बिभिन्न समूहको चन्दा आतंकमा परिरहेको हुँदा त्यस तर्फ सबै अधिकारकर्मीले पहल गिर दिन पनि आग्रह गरे।

आधारभूत मानवअधिकार तालिम सम्पन्न

मोतिपुर गाविसको बाँसगढीमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जिल्ला कार्यालयको आयोजनामा ०६९ असोज ८ गते देखि स्थानीय समुदायमा मानवअधिकार तालिम सम्पन्न

भयो। मानवअधिकार शिक्षा कार्यक्रम अर्न्तगत मोतिपुर गाविसको नौ ओटै वडाबाट छनौट भएका समूहका सदस्यहरूलाई मानवअधिकार, महिला अधिकार , मानवअधिकारका सवालहरू , राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनी प्रावधानको बारेमा जानकारी गराउने उदेश्यले यो तालिमको आयोजना गरिएको थियो।

समुदायलाई मानवअधिकार मैत्री बनाउने अभियानलाई बल पुऱ्याउने कार्यक्रमको उद्देश्य रहेको साथै मानव अधिकार संरक्षण तथा सम्वर्दनमा तालिमले थप सहयोग पुऱ्याउने इन्सेक जिल्ला संयोजक सरस्वती मल्लले बताइन्। तालिममा मानवअधिकार भनेको के हो ? मानवअधिकार उलङ्घन, ज्यादती र अपराध, महिला अधिकार, गाविसको सुशासन र विकासका सवाल, नेतृत्वकला र समुह संचालन गर्ने तरिका, घरेलु हिंसा नियन्त्रण कसुर र सजाय ऐन २०६६, मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ र यौन जन्य दुर्व्यवहार विरूद्धको कानून र समुदायमा आधारित संस्थाहरुको मानवअधिकार कार्य योजना निर्माण लगायतका विषयमा इन्सेक जिल्ला संयोजक सरस्वती मल्ल, जिल्ला प्रतिनिधी मानबहादुर चौधरी गाविसका सचिव कृष्ण बहादुर थापा, बालकल्याण अधिकृत लक्ष्मी नेपाल लगायतले सहजीकरण गरेका थिए।

मुलुकको मानवअधिकार स्थितिबारे वास्तविक जानकारी लिन इन्सेकद्वारा प्रकाशित

- मानवअधिकार वर्षपुस्तक (नेपाली र अङ्ग्रेजी)
- मानवअधिकार संगालो
- मानवअधिकारको ऐतिहासिक अवधारणा
- मानवअधिकार-प्रहरी-कानुन
- मानवअधिकार घोषणापत्र (सचित्र)
- नेपालमा जातीय छुवाछूत
- राजनीतिक महिला परिचय
- प्राची द्वैमासिक
- इन्फर्मल
- मानवअधिकार स्थितिसूचक (त्रैमासिक)
- इन्सेक अभियान (त्रैमासिक)
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान
- सुरक्षासम्बन्धी कानुनी प्रावधान
- मानवअधिकार : ९ ठूला महासन्धि
- इन्सेक अनलाईन (www.inseconline.org)

लगायत् अन्य सामयिक प्रकाशनहरू खोजी-खोजी पढौं।

सरकार र नेकपा माओवादीले २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि सशस्त्र द्वन्द्वको औपचारिक रूपमा अन्त्य त भयो। तर, सम्झौतामा उल्लेख भएबमोजिम बलपूर्वक बेपत्ता पारिएका मानिसहरूको अवस्था ६० दिनभित्र सार्वजनिक गरिने प्रतिबद्धताको कार्यान्वयनको प्रतीक्षामा पीडितका परिवार छन्। यस पुस्तकमा राज्यपक्षबाट र तत्कालीन विद्रोही पक्षबाट गरी बलपूर्वक बेपत्ता पारिएका ५ सय ३५ जनाको अद्यावधिक विवरण समाविष्ट छ। शान्ति सम्झौता भएको चार वर्ष पुग्दा पनि उनीहरूको अवस्थाका पत्ता लगाउने कार्यमा राज्य तथा राजनीतिक दलले उल्लेख्य काम गर्न सकेका छैनन्। त्यसैले हामी सबैले सोधौं- उनीहरू कहाँ छन् ?

नेपालमा पहिलो मानवअधिकार समाचार अनलाइन

नेपाली र अंग्रेजीमा

www.inseconline.org

मानवअधिकारसम्बन्धी विविध समाचारहरू समेटिएको यस वेबसाइटमार्फत् देशको मानवअधिकार स्थितिको ताजा जानकारी लिनुहोस् ।

BY AIRMAIL